**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

२०७६/०७७ सालको निर्णय नं. १

पुनरावेदन नं. ०७४-RB-०१३९

**मुद्दाः-<u>आयकर(२०७१/०७२)।</u>**

काठमाडौं जिल्ला पानीपोखरी स्थित स्थायी लेखा नं.३००७२६१४९ का आई एम ई लिमिटेडका तर्फबाट अधिकार प्राप्त प्रबन्धक सुरज खनाल........................................................................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.................................... १
आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौ ....................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री विष्णु प्रसाद बास्कोटा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

**<u>शुरु निर्णय गर्ने कार्यालयः श्री ठूला करदाता कार्यालय, ललितपुर ।</u>**

शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर प्रशासक शोभाकान्त पौडेल ।

शुरु निर्णय मितिः २०७३/०४/१७

**<u>प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री किशोर जंग कार्की

निर्णय मितिः २०७४।०५।०९

यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. पुनरावेदक आई एम ई लि.पानीपोखरी काठमाडौ को आ.ब.२०७१/०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.२०,६१,७१,०३७/४६ देखाइ मिति २०७२/०९/२९ मा विवरण पेश गरेका रहेछन ।

२. प्रस्तुत करदाताको आ.व. २०७१/०७२ को आय विवरणको कर परिक्षणको सिलसिलामा करदाताबाट आय विवरण साथ प्राप्त अन्य कागजातको अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, लाभतर्फ गणना हुनु पर्ने रकम समावेश भएको नदेखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७३/०३/१४ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०३/१४ मा जारी भएको सूचना करदाताले मिति २०७३/०३/१४ मा सूचना बुझी लिइ सूचनाको जवाफ मिति २०७३/०३/२७ मा पेश गरेको ।

४. प्रस्तुत करदाताको आ.व. २०७१/०७२ का लागि रु.२८,१२,९८,९०२/७९(अठ्ठाइस करोड बाह्र लाख अन्ठान्नब्बे हजार नौ सय दुई रुपैया उनान्असी पैसा) करयोग्य आय कायम गरी आयकर ऐन २०५८ बमोजिम शंसोधित कर निर्धारण गरी सोही ऐनको दफा ११८ र ११९ र दफा १२०(क) बमोजिम व्याज र शुल्क समेत गणना गरी कर दाखिला गर्न सुचना जारी गर्ने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०४/१७ मा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३/०४/१७ मा भएको कर निर्धारण आदेशमा चित्त नबुझी आई. एम. ई. लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०५/२१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. संशोधित कर निर्धारण सम्बन्धी निर्णय कानुन सम्मत नै भएकोले निवेदकको जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७४/०५/०९ मा भएको निर्णय ।

७. यसमा शुरु करदाता कार्यालयले मिति २०७३/०४/१७ मा गरेको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गरी भएको आन्तरिक राजश्व विभागबाट प्रशासकिय पुनरावलोकनको निर्णयमा नेपाल सरकारको अनुरोधमा संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत दैवि प्रकोप प्रभावितहरुलाई राहत प्रदान गर्ने उद्धेश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धारकोषमा दिएको **Donation** रु.२,०९,००,०००/- खर्च अमान्य गरिएको, र कम्पनीको सम्पूर्ण कारोबारको व्यबस्थापन अधिकारको प्रयोग र कर्तव्यको पालना संचालकहरुको

सामुहिक रुपमा संचालक समितिमा हुने हुँदा संचालकहरुलाई प्रदान गरिएको **Meeting** खर्च आयकर ऐन, २०५८ को दफा १३ विपरित अमान्य गरिएको हुँदा उक्त संशोधित कर निर्धारण आदेश बदर गरी पाउँ भन्ने यस न्यायाधिकरणमा परेको पुनरावेदनपत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०८/०६ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदक करदाता आई .एम. ई. लिमिटेडका तर्फबाट उपस्थित विद्धान अधिवक्ता विष्णु प्रसाद बास्कोटाले सरकारले आह्वान गरेको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा भूकम्प पीडितका लागि प्रदान गरेको चन्दा र अनुदान रकम खर्च कट्टी पाउने कानूनी ब्यबस्था भएको र सञ्चालक समितिले निर्णय गरी बैठक भत्ता पाउने ब्यबस्था भै बोर्ड मिटिङमा पदाधिकारीहरुले बैठक भत्ता प्रचलित कानून बमोजिम अग्रिम कर कट्टी गरी भुक्तानी लिएकोमा संस्थाको सर्वोपरि निकाय सञ्चालक समितिबाटै अनुमोदित रकम भएको र कर कार्यालयले विलम्ब भएको भनी ब्याज समेत दाखिला गर्न लगाएकोमा पुन खर्च भुक्तानी नै अमान्य गर्नु कानून सम्मत नभएकाले प्रत्यर्थी कार्यालयको निर्णय बदरभागी छ भनी बहस गर्नु भयो ।

११. प्रत्यर्थी ठूलाकरदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले सरकारले आह्वान गरेको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा भूकम्प पीडितका लागि प्रदान गरेको चन्दा र अनुदान रकम खर्च कट्टी पाउने कानूनी ब्यबस्थामा सरकारी सूचना वा आदेश प्रकाशन भएको अवस्था हुनुपर्ने उक्त अवस्थाका विद्यमानता नहुदा आयकर ऐन,२०५८ को दफा १२ र १३ बमोजिम खर्च कट्टी दावी माग गरेको कानून सम्मत नभै शुरु कार्यालयबाट अमान्य निर्णय सदर हुनुपर्छ भन्ने बहस जिकीर प्रस्तुत गर्दै बैठक भत्ताका सम्बन्धमा पहिलो चरणको खर्च रकम रु.४,७५,००,०००/- रीतपुर्वकको भै दावी मान्य भैसकेको अवस्थामा आय वर्ष भित्र खर्च दावी र **E TDS** समेत गरिसकेको रकमको अलावा वासलात र नाफा नोक्सान हिसाव तयार गर्ने क्रममा रु.९,५०,००,०००/- बैठक भत्ता खर्च लेखी सो को अग्रिम कर २०७२।०९।२९ गते आय विवरण पेश गर्दाका दिन दाखिला गरेको देखिन्छ । यसरी मुनाफा घटाउने उदेश्यले पछि खर्च देखाएको रकम

रु.४,७५,००,०००।- मात्र अमान्य गरेको हुँदा प्रत्यर्थीको निर्णय कानून सम्मत भएकाले सदर हुनुपर्दछ बहस गर्नु भयो ।

१२. पुनरावेदकका तर्फबाट लिइएका पुनरावेदन जिकीरहरु, दुवै तर्फका विद्धान कानून ब्यबसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा पुनरावेदन जिकीरका बुँदागत दावी अनुसारका विषयहरुमा निम्नानुसार हुने देखिन आयो ।

<u>क) चन्दा/अनुदान खर्च सम्बन्धमाः-</u> पुनरावेदकले मिति २०७२।०१।१२ गते गएको भूकम्प पीडितका लागि नेपाल सरकारबाट आह्वान भए बमोजिम रु.२,०९,००,०००/- (दुइ करोड नौ लाख रुपैया) प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा जम्मा गरेको तथ्यगत रुपमै देखिन्छ, उक्त रकम सो वर्षको आयमा खर्च कट्टी पाउनुपर्ने दावी लिएकोमा प्रचलित आयकर ऐन,२०५८ को दफा १२ मा कर छुट पाएका संस्थाहरुलाई दिएको चन्दा उपहार शिर्षक अन्तर्गत उपदफा १ मा कुनै ब्यक्तिले कुनै आय वर्षमा आफ्नो कर योग्य आय गणना गर्दा यस दफाको प्रयोजनका लागि विभागबाट स्वीकृति प्राप्त कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम घटाउने दावी गर्न सक्नेछ भन्ने व्यवस्था भएको साथै उपदफा २ मा उपदफा-१ मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त उपदफा बमोजिम कुनै आय बर्षमा घटाउन पाउने खर्च एक लाख रुपैया वा त्यस्तो व्यक्तीको उक्त बर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशत मध्ये जुन घटी हुन्छ त्यो भन्दा बढी हुने छैन भन्ने व्यवस्था भएको त्यस्तै उपदफा ३ मा उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनी कुनै खास अबस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै कार्यकोलागी कुनै व्यक्तीले खर्च गरेको वा चन्दा दिएको रकम सो व्यक्तीको आय निर्धारण गर्दा खर्च वापत पूर्ण वा आंशिक रुपमा कट्टी गर्न पाउने गरी तोक्न सक्नेछ भनी स्पष्ट प्रावधान भएको देखियो। प्रस्तुत करदाताले भुकम्प पिडितलाई राहत प्रयोजनार्थ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा चन्दा दिएको रकम सम्बन्धमा आयकर ऐनको दफा १२ को उपदफा १ र २ को प्रावधान आकर्षित हुन सक्ने अवस्थाको विद्यमानता नरहेको र उपदफा ३ बमोजिम खर्च कट्टी पाउन नेपाल सरकारबाट कुनै निर्णय भई राजपत्रमा सुचना प्रकाशित भएको अवस्था नदेखिँदा आयकर ऐनको दफा १३ बमोजिम खर्च कट्टी पाउने अवस्था नभएको हुँदा खर्च कट्टी गर्न नमिल्ने भनी गरेको प्रत्यर्थीको निर्णय मनासिव नै देखिन आयो।

**<u>ख)बैठक भत्ता खर्च सम्बन्धमाः</u>-** पुनरावेदक  करदाताले आय वर्षको कारोवार अवधि भित्र गरेको बैठक भत्ता खर्च भनी रकम रु.९,५०,००,०००/- (नौ करोड पचास लाख रिपैया) खर्च कट्टी दावी गरेकोमा पहिलो चरणको खर्च रकम रु.४,७५,००,०००/- (चार करोड पचहत्तर लाख रुपैया) रीतपुर्वकको भै दावी मान्य भैसकेको अवस्थामा  आय वर्ष भित्र खर्च दावी र **E TDS** समेत गरिसकेको रकमको अलावा  वासलात र नाफा नोक्सान हिसाव तयार गर्ने क्रममा रु.९,५०,००,०००/- (नौ करोड पचास लाख रिपैया) बैठक भत्ता खर्च लेखी सो को अग्रिम कर २०७२।०९।२९ गते आय विवरण पेश गर्दाका दिन दाखिला गरेको देखिन्छ । यसरी मुनाफा घटाउने उदेश्यले पछि खर्च देखाएको रकम रु.४,७५,००,०००।– मात्र अमान्य गरेको हुँदा  अग्रिम कर कट्टी गरेकै आधारमा सवैखाले खर्चहरु मान्य हुन भन्न सकिने अवस्था नरहने भएकाले आयकर ऐन,२०५८ को दफा १३ बमोजिम उक्त रकम रु.४,७५,००,०००।– मात्र खर्च कट्टी  दिन नमिल्ने भनी गरेको प्रत्यर्थीको निर्णय कानून सम्मत नै देखिन आयो ।

१३. अतः माथि उल्लिखित आधार र कारणबाट पुनरावेदक करदाता स्थायी लेखा नं.३००७२६१४९ भएका पुनरावेदक करदाता आई एम इ लि.को आ.ब.२०७१/०७२ को आयकर निर्धारण गर्दा शुरु ठूला करदाता कार्यालयले बैठक भत्ता खर्च रु.४,७५,००,०००/- र प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा चन्दा स्वरुप हस्तान्तरण गरेको रकम रु.२,०९,००,०००/- खर्च कट्टी अमान्य गरि कर निर्धारण गर्न मिति २०७३/४/१७ मा भएको निर्णयलाई आन्तरिक राजस्व विभागबाट समर्थन गर्ने गरी भएको मिति २०७४/५/९ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

जीवनकुमार घिमिरे
(राजश्व सदस्य)

उक्त रायमा मेरो सहमती छ ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

**<u>अध्यक्षको फरक राय</u>**

१४. उपरोक्त अनुसार शुरु कार्यालयको निर्णय एवं आन्तरिक राजस्व विभागको उक्त निर्णयलाई समर्थन गर्ने गरी भएको निर्णयलाई सदर गर्ने गरी राजस्व सदस्यबाट भएको फैसलामा बैठक

भत्ता खर्च सम्बन्धमा गरेको व्याख्या विवेचना र निक्यौलसँग सहमति रही **Donation खर्च** अमान्य गरिएको निर्णयको हदसम्म सहमत हुन नसकी निम्न बमोजिमको फरक राय प्रस्तुत गरेकोछु।

क) पुनरावेदकले नेपाल सरकारले गरेको राहतको अपिल अनुसार सामाजिक उत्तरदायित्व बहन गर्ने सिलसिलामा दैवि प्रकोप प्रभावितहरुलाई राहत प्रदान गर्ने उद्देश्यले मिति २०७२।१।१२ मा गएको भूकम्प पीडितहरुको सहयोगार्थ दुई करोड नौलाख नेपाली रुपैया  नेपाल सकारको प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा जम्मा गरेको निजले पेश गरेको भौचरबाट निर्विवाद तवरमा पुष्टि हुन आएको देखिन्छ । नेपाल सरकारले गरेको राहतको अपिल बमोजिम पुनरावेदकले उक्त रकम उक्त दैविक प्रकोप उद्दार कोषमा जम्मा गरिएको तथ्यमा समेत विवाद देखिन आएन । तर प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवनबाट उक्त रकम सो वर्षको आयमा खर्च कट्टि पाउनु पर्ने भन्ने पुनरावेदक करदाताको दावीलाई आयकर ऐन २०५८ को दफा १३ बमोजिम अमान्य हुने गरी निर्णय गरिदिएको र सो निर्णयलाई आन्तरिक राजस्व विभागबाट समर्थन भएको सम्बन्धमा यी पुनरावेदकले खर्च कट्टि हुनु पर्ने भनी जिकिर लिएको देखियो ।

ख) प्रत्यर्थी आन्तरिक राजस्व कार्यालयबाट खर्च कट्टि नदिने भनी गरेको निर्णयतर्फ हेर्दा आयकर ऐन २०५८ को दफा १२ अनुसार खर्च कट्टि नपाउने भनी निर्णयमा पुगेको देखिन आयो । उक्त दफा १२ को कानूनी प्रावधान हेर्दा निम्न बमोजिमको प्रावधान देखिन्छः-

१)कुनै व्यक्तीले कुनै आय बर्षमा आफ्नो करयोग्य आय गणना गर्दा यस दफाको प्रयोजनको लागी विभागबाट स्वीकृति प्राप्त कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम घटाउने दावी गर्न सक्नेछ ।

२) उपदफा १ मा जुनसुकै करा लेखिएको भए तापनि उक्त उपदफा बमोजिम कुनै आय बर्षमा घटाउन पाउने खर्च एक लाख रुपैया वा त्यस्तो व्यक्तीको उक्त बर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ त्यो भन्दा बढी हुने छैन ।

३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकेको कुनै कार्यको लागी कुनै व्यक्तीले खर्च गरेको वा चन्दा दिएको रकम सो व्यक्तीको आय निर्धारण गर्दा खर्च वापत पूर्ण वा आंशिक रुपमा कट्टी गर्न पाउने गरी तोक्न सक्नेछ ।

यसरी उपरोक्त प्रावधान हेर्दा दफा १२(१) अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो कर योग्य आय गणना गर्दा कर छुट प्रयोजनार्थ विभागबाट स्वीकृति प्राप्त कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम खर्च कट्टि दावी गर्न सक्ने व्यवस्था भएको सन्दर्भमा यी पुनरावेदक करदातालाई खर्च कट्टि दावी गरेको देखिन्छ तर सोही दफाको उपदफा (३) मा भएको प्रावधान अनुसार "कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको कुनै कार्यको लागि कुनै व्यक्तिले गरेको खर्च वा चन्दा दिएको रकम सो व्यक्तिको आय निर्धारण गर्दा खर्च वापत पूर्ण वा आंशिक रुपमा कट्टि पाउने गरी तोक्न सक्नेछ" भनी व्यवस्था भएको र त्यस्तो खर्च कट्टि पाउन नेपाल सरकारबाट निर्णय भई राजपत्रमा सूचना प्रकाशित हुनु पर्ने गरी आयकर ऐन २०५८ को दफा १२(३) मा व्यवस्था भएको हुँदा राजपत्रमा यस्तो सूचना प्रकाशित भएको नहुँदा खर्च कट्टि गर्न नमिल्ने भनी गरेको शुरु निर्णयमा नै राजस्व सदस्यले समेत समर्थन हुने गरी शुरु सदर गर्ने निर्णयमा पुगेको देखियो ।

ग) यी पुनरावेदकले प्रधानमन्त्री उद्दार राहत कोषमा रकम जम्मा गरिदिंदा आयकर ऐन २०५८ को दफा १२(३) अनुसार नेपाल सरकारले खर्च कट्टि मान्य हुने गरी सूचना राजपत्रमा प्रकाशित गर्न सक्ने कानूनी व्यवस्थालाई राज्यको तर्फबाट बहन गरिदिने अपेक्षा लिएको हुँदा यस्तो खर्च कट्टि हुनुपर्ने भनी जिकिर लिएको देखिन्छ । यस्तो अपेक्षालाई वैध अपेक्षाको सिद्धान्त (Doctorine of Legitimate Expectation) भनिने र यस्तो सिद्धान्तलाई हाम्रो कानून प्रणालीमा अबलम्बन गरी आएको पाइन्छ । वैध अपेक्षाको सम्बन्भमा Halsbury's Law of England मा उल्लेखित भनाई "A person may have legitimate expactation of being treated in a certain way by an administrative authority even through he has no legal rights in private law to receive such traeatment. the expectation may arise either from a representation or a promise made by the authority , including an implied representation or from consistent past practice" यहाँ सान्दर्भिक देखिन्छ । लोकतन्त्रमा जनताप्रति स्वच्छ व्यवहार (Fair Treatment) गर्नु सरकारको कर्तव्य हुन्छ भने त्यस्तो व्यवहारको अपेक्षा गर्नु जनताको हक बन्दछ । कानूनद्वारा स्थापित निकाय वा अधिकारीले जनताको वैध अपेक्षाको विरुद्ध कार्य गर्न पाइदैन । राष्ट्रमा ठूलो स्तरमा जनधनको क्षति हुँदा त्यस्तो क्षतिबाट उद्दार कार्य गर्नलाई योगदान पुर्‍याउने पवित्र उद्देश्य साथ राज्यले नै आह्वान गरेको प्रधानमन्त्री उद्दार राहत कोषमा आफ्नो कमाईको हिस्सा जम्मा गरिदिँदा विधायीकी कानूनमा नै व्यवस्था भएको कर छुटको प्रावधान अनुरुप यस अघि र त्यस पछिका वर्षहरुमा खर्च कट्टिलाई मान्यता दिई आएको अभ्यास (Practice) अनुरुप आफूले पनि खर्च

कट्टि पाउछु भनी पुनरावेदक करदाताले अपेक्षा राख्नुलाई अनुचित वा गलत अपेक्षा भन्न मिल्दैन र राज्यका सम्बद्ध निकायले त्यस्तो अपेक्षालाई पुरा गरी व्यवस्थापकिय कानूनको सम्मान गर्नु यसको जिम्मेवारी हो । यो जिम्मेवारी राज्यका सम्बद्ध निकायले पुरा गर्दैनन भने न्यायिक निकाय यसतर्फ अग्रसर हुनु नै पर्दछ । सिद्धान्ततः सरकार वा सो अन्तर्गतका कुनै निकायले विधायिकी कानूनमा व्यवस्था भएको कारणबाट वैध अपेक्षा उत्पन्न भएको स्थितिमा त्यस्तो अपेक्षाको सम्मान गरिनु नै पर्दछ । यस परिप्रेक्षमा वैध अपेक्षाको सिद्धान्तले सरकारले विधायीकी प्रावधानहरुलाई कार्यान्वयन गर्न सदा सर्वदा क्रियाशिल भई कानूनी शासनको मर्म अनुरुप सरकार र तीनका निकायहरुलाई भरोसायोग्य बनाउन मद्धत गर्दछ । यो किन पनि आवश्यक हुन्छ भने सरकार र उसका निकायहरुको काममा पारदर्शिता, तदारुखता र भरोसायोग्य भएनन भने संकट परेको बेलामा सहयोगी हातहरु जुटदैनन् । विधायीकी कानून राज्यलाई संकट पर्दा जुटेको सहयोग प्रति आभार व्यक्त गर्न कर छुट दिन सक्ने गरी व्यवस्था गर्दछ तर महाभूकम्पको रुपमा संकट आउँदा सहयोगी हात जुट्दा विधायीकाले Promise गरेको कानूनी प्रावधानलाई क्रियाशिल बनाउनुको साटो सरकार अकर्मण्य भई बस्न मिल्दैन । यस अर्थमा वैधानिक अपेक्षाको मान्यता अनुरुप पुनरावेदक करदाताले लिएको पुनरावेदन जिकिर बमोजिम निजले गरेको खर्च कट्टि दावी मनासिव ठहर्छ ।

१५. अतः माथी विवेचित आधार कारणबाट राजस्व सदस्यको रायमा पुनरावेदक करदाताले प्रधानमन्त्री दैवी प्रकोप उद्धारकोषमा हस्तान्तरण गरेको रकम खर्च कट्टी अमान्य गरेको शुरु एवं प्रशासकिय पुनरावलोकनको निर्णयलाई समर्थन गरेको हदसम्मको रायमा सहमत हुन नसकेको हुँदा सो खर्च कट्टी पाउने गरी शुरु तथा प्रशासकिय पुनरावलोकनको निर्णय उल्टी हुने फरक राय व्यक्त गर्दछु । प्रस्तुत फैसलाको विधुतिय प्रति अपलोड गरी दायरीको लगत कट्टा गरी नियमानुसार अभिलेख शाखामा बुझाईदिनू ।

किशोर सिलवाल

(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>

विश्वराज कुइकेल (शाखा अधिकृत)

इतिसम्बत २०७६ साल श्रावण २१ गतेरोज ३ शुभम.......................................